सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री महेश शर्मा पौडेल
माननीय न्यायाधीश श्री बालकृष्ण ढकाल

आदेश

०८२-wo-०७३०

मुद्दाः- उत्प्रेषण ।

भेषराज लुइटेल-----------------------------------------------१ निवेदक

विरुद्ध

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सिंहदरबार समेत---------१ विपक्षी

१. यसमा अन्तरिम आदेश छलफलका लागि पेश हुन आएको प्रस्तुत मुद्दामा निवेदकको तर्फबाट उपस्थित विद्धान वरिष्ठ अधिवक्ता श्री खेम नारायण सापकोटा, विद्धान अधिवक्ताहरु डा. श्री प्रेमराज सिलवाल, श्री कपिलदेव ढकाल तथा निवेदक स्वयं तथा विपक्षी प्रधानमन्त्री तथा मन्त्रीपरिषद कार्यालय समेतको तर्फबाट उपस्थित महान्यायाधिक्ताको कार्यालयका विद्धान नायब महान्यायाधिक्ता श्री संजिवराज रेग्मी तथा विद्धान सह-न्यायाधिवक्ता श्री हरिशंकर ज्ञवाली तथा सरोकारवाला DOLMA IMPACT FUND को तर्फबाट उपस्थित विद्धान वरिष्ठ अधिवक्ता श्री महेश कुमार थापा तथा विद्धान अधिवक्ता श्री तिलक विक्रम पाण्डेले गर्नुभएको बहस समेत सुनियो।

२. यसमा आन्तरिक राजस्व विभागको मिति २०८२।६।२८ को डोल्मा इम्प्याक्ट फन्डलाई कर छुट सम्बन्धी पत्र तथा सोसँग सम्बन्धित काम कारवाही कार्यान्वयन नगर्नु नगराउनु, कर नकटाई रकम विदेश पठाउने स्विकृति प्रदान नगर्नु नगराउनु भनी निवेदकले अन्तरिम आदेश माग गरेको देखियो।

३. अब, निवेदन माग बमोजिम अन्तरिम आदेश जारी हुनु पर्ने नपर्ने सम्बन्धमा हेर्दा, आन्तरिक राजस्व विभागबाट मिति २०८२।६।२८ मा नेपाल र मौरिसस राज्यबीच सन् १९९९ अगस्त ३ मा भएको द्वैध कराधान मुक्ति सम्झौताको धारा १३(४) को व्यवस्था बमोजिम प्रस्तुत मौरिससको बासिन्दा श्री डोल्मा इम्प्याक्ट फण्ड १ (DIFI) ले नेपालमा शेयर लगानी गरी सो को बिक्रिबाट आर्जित पूँजिगत लाभमा कर कट्टी गर्न नपर्ने व्यहोरा श्री सिडियस एण्ड क्लियरिङ्ग लिमिटेडलाई प्रेषित गर्ने निर्णय भएको देखियो। सो निर्णय गर्दा नेपाल कानून र सन्धिका व्यवस्था बाझिएमा प्रचलित कानूनको व्यवस्था अमान्य भई सम्झौताको व्यवस्था नै लागू हुने भन्ने महान्यायाधिवक्ताको कार्यालयबाट दिईएको कानूनी रायलाई आधारको रुपमा ग्रहण गरेको देखियो।

४. प्रचलित आयकर ऐन, २०५८ को दफा ७३ (४) मा "*कुनै अन्तराष्ट्रिय सम्झौतामा नेपालले आय वा भुक्तानीमा छुट दिनुपर्ने वा आय वा भुक्तानीमा करको घटाईएको दर लगाउनुपर्ने गरी व्यवस्था गरिएको भएमा यो उपदफा लागू हुनेछ।*" भन्ने व्यवस्था र ऐ. दफाको उपदफा (५) मा "*उपदफा (४) लागु भएको अवस्थामा देहाय बमोजिमको कुनै निकायलाई कर छुट वा कर कट्टीको सुविधा उपलब्ध हुने छैन:- (क) सो सम्झौताको प्रयोजनको लागि सो सम्झौताको अर्को पक्ष रहेको राष्ट्रको बासिन्दा मानिने निकाय, र (ख) सो निकायको निहित स्वामित्वको पचास प्रतिशत वा सो भन्दा बढी हिस्सा प्राकृतिक व्यक्तिहरुद्धारा वा कुनै प्राकृतिक व्यक्तिको हित नरहेको निकायहरुद्धारा ग्रहण गरिएको र सो सम्झौताको प्रयोजनको लागि सो व्यक्तिहरु वा निकायहरु सो सम्झौताको अर्को पक्ष रहेको राष्ट्रको वा नेपालको पनि बासिन्दा नभएको* भन्ने व्यवस्था रहेको छ। उल्लिखित उपदफा (५) को कानूनी व्यवस्था अनुसार डोल्मा इम्प्याक्ट फण्ड १ ले पूजिगत लाभमा कर कट्टीको सुविधा पाउनसक्ने देखिदैन ।

५. सन्धि ऐन, २०४७ को दफा ९ को उपदफा (१) मा "*प्रतिनिधी सभा वा संघिय संसदबाट अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन भई नेपाल वा नेपाल सरकार*

CamScanner

*पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानूनसँग बाझिएमा सो सन्धिको प्रयोजनको लागि बाझिएको हदसम्म प्रचलित कानून अमान्य हुनेछ र तत्सम्बन्धमा सन्धिको व्यवस्था नेपाल कानून सरह लागू हुनेछ "* भन्ने व्यवस्था रहेको छ। यस व्यवस्था अनुसार प्रचलित राष्ट्रिय कानून र सन्धिको व्यवस्था बाझिएमा व्यवस्थापिकाबाट अनुमोदन, स्वीकृति, सम्मिलन वा समर्थन भएको सन्धिको हकमा मात्र त्यस्तो सन्धिको व्यवस्था लागु हुने हो। प्रस्तुत निवेदनका सन्दर्भमा नेपाल र मौरिसस विच भएको द्वैध कराधान मुक्ति सम्झौता तदनुरुप व्यवस्थापिकाबाट अनुमोदन सम्मिलन स्वीकृति वा समर्थन भएको नदेखिँदा सन्धिको व्यवस्था र राष्ट्रिय कानूनको व्यवस्था बाझिएमा सन्धिको व्यवस्था लागु हुने नभै राष्ट्रिय कानूनको व्यवस्था नै लागू हुने देखिन्छ। त्यसो हुँदा डोल्मा इम्प्याक्ट फण्ड १ ले प्रचलित कानून बमोजिम कर तिर्नुपर्ने हुन्छ ।

६. यसरी प्रचलित आयकर ऐन, २०५८ को दफा ७३ को उपदफा (५) बमोजिम डोल्मा इम्प्याक्टबाट फण्ड १ लाई पूँजिगत लाभकर छुट दिन नमिलि प्रचलित कानून बमोजिम कर लाग्नेमा सो कर कट्टी गर्न नपर्ने भनी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०८२।६।२८ मा भएको निर्णय प्रथम दृष्टिमै (**Prima Facie**) उल्लिखित आयकर ऐन, २०५८ को दफा ७३ को उपदफा ४ र ५, दफा ९५ क समेतका प्रचलित कर सम्बन्धी कानूनी व्यवस्था र सन्धि ऐन, २०४७ को दफा ९ को उपदफा (१) को कानूनी व्यवस्थाको प्रत्यक्ष त्रुटी (**Apperant Error Of Law**) रहेको देखिएको छ। त्यसरी कानूनको प्रत्यक्ष त्रुटी र प्रयोगबाट भएको निर्णयका कारण राज्यलाई प्राप्त हुनुपर्ने राजस्वमा अपुरणीय क्षति (**Irreparable Damage**) हुने देखिएको हुँदा सुविधा सन्तुलन (**Balance Of Convenience**) को दृष्टिकोणबाट उल्लिखित निर्णय कार्यान्वयन नगर्नु नगराउनु भनी अन्तरिम आदेश जारी गर्न बाञ्छनीय देखियो।

७. अतः अन्तरिक राजस्व विभागबाट मिति २०८२।६।२८ मा डोल्मा इम्प्याक्टबाट फण्ड १ ले नेपालमा शेयर लगानी गरी सो को विक्रिबाट आर्जित

CamScanner

पूँजीगत लाभमा कर कट्टी गर्न नपर्ने व्यहोराको श्री सिटियस एण्ड क्लियरिङ्ग लिमिटेडलाई प्रेषित गर्ने भनी भएको निर्णय प्रस्तुत रिट निवेदनमा टुङ्गो नलागेसम्म कार्यान्वयन नगर्नु नगराउनु र प्रचलित कानूनले तिर्नु पर्ने कर नतिरी नबुझाई कुनै पनि रकम विदेशमा लैजान स्वीकृति नदिनु नदिलाउनु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ को उपनियम २ को खण्ड (क) बमोजिम अन्तरिम आदेश जारी गरिएको छ।

८. प्रस्तुत आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालय तथा विपक्षीहरुलाई दिनू।

न्यायाधीश

न्यायाधीश

इति सम्वत २०८२ साल माघ २८ गते रोज ४ शुभम्------------------------